जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८० | २०८३ साल जेठ १२ गते मंगलवार | Tuesday-26-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बिचौलियारहित सेवा प्रवाहमा जोड : राजनीतिक दबाबबीच पनि नियमअनुसार काम भइरहेको प्रमुख आचार्यको दाबी

*शु.आ. सम्बाददाता*
*बारा, ११ जेठ*

यातायात व्यवस्था कार्यालय कलैयाका प्रमुख चिन्तन आचार्यले कार्यालयमा विभिन्न समूह तथा राजनीतिक दबाब आउने गरेको स्वीकार गर्दै पनि सेवा प्रवाहलाई पारदर्शी र बिचौलियारहित बनाउन आफूहरू प्रतिबद्ध रहेको बताएका छन् ।



कलैयास्थित कार्यालयमा सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रमुख आचार्यले सेवाग्राहीलाई सहज, छिटो र स्वच्छ सेवा उपलब्ध गराउने प्रयास भइरहेको उल्लेख गरे । तर बाह्य हस्तक्षेप, अनावश्यक दबाब तथा व्यक्तिगत स्वार्थका कारण काम गर्न चुनौतीपूर्ण अवस्था सिर्जना हुने गरेको उनले बताए ।

"हामी नियम र प्रक्रिया अनुसार काम गरिरहेका छौँ । विभिन्न समूह तथा व्यक्तिबाट दबाब आउने गर्छ, तर कार्यालयले कानुनी प्रक्रिया मिचेर काम गर्दैन," उनले भने ।

पछिल्लो समय यातायात कार्यालयमा बिचौलियाको चलखेल रहेको गुनासो बढिरहेका बेला प्रमुख आचार्यले बिचौलिया समस्या समाजकै प्रवृत्तिसँग जोडिएको टिप्पणी गरे । यद्यपि कार्यालयले प्रत्यक्ष रूपमा कुनै बिचौलियालाई संरक्षण वा सहयोग नगरेको उनको दाबी छ ।

उनले सेवाग्राहीलाई कुनै व्यक्ति वा एजेन्टमार्फत काम गराउन नपर्ने स्पष्ट पार्दै आफैं कार्यालयमा उपस्थित भएर आवश्यक प्रक्रिया पूरा गर्न आग्रह गरे । "हामीले सूचना अधिकारी तथा सहायता डेस्कको व्यवस्था गरेका छौँ । सेवाग्राहीले आवश्यक जानकारी सहज रूपमा पाउन सक्छन्," उनले बताए ।

कार्यालय प्रमुख आचार्यका अनुसार सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई जिम्मेवार बनाउने, प्रक्रियालाई व्यवस्थित गर्ने तथा सेवाग्राहीमैत्री वातावरण तयार गर्ने काम भइरहेको छ । कार्यालयले सेवामा पारदर्शिता कायम गर्न सूचना प्रवाह, टोकन प्रणाली तथा नागरिक सहायता सेवामा समेत सुधार गरेको जनाइएको छ ।

यातायात व्यवस्था कार्यालयमा लाइसेन्स, सवारी दर्ता, नविकरण तथा अन्य सेवाका क्रममा सेवाग्राहीले अनावश्यक झन्झट, ढिलासुस्ती र बिचौलियाको प्रभाव भोग्नुपरेको गुनासो विगतदेखि उठ्दै आएको छ । तर कार्यालय प्रशासनले पछिल्लो समय बिचौलियारहित सेवा प्रणाली प्रभावकारी बनाउने दिशामा कदम चालिएको दाबी गरेको छ ।

स्थानीय सेवाग्राहीहरूले पनि कार्यालयले सेवा प्रणालीमा सुधार ल्याउन थालेको प्रतिक्रिया दिएका छन् । केही सेवाग्राहीले अझै समस्या रहेको बताए पनि अधिकांशले प्रत्यक्ष उपस्थित भएर

बाँकी तेश्रो पृष्ठमा

## प्रेस स्वतन्त्रता जोगाउन महासंघको माग

*बारा, ११ जेठ*

नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रताको संरक्षण, श्रमजीवी पत्रकारको हकहित तथा सरकारी विज्ञापन वितरणमा निजी सञ्चारमाध्यममाथि भइरहेको विभेद अन्त्य गर्न माग गर्दै संघीय संसद्का शीर्ष नेतृत्वलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।



महासंघको टोलीले प्रतिनिधि सभाका सभामुख डोल प्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहाल तथा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति का सभापति डा. ओजस्वी शेरचन लाई भेटेर ध्यानाकर्षण पत्र बुझाएको हो ।

महासंघले सरकारी सञ्चारमाध्यममा मात्र सरकारी विज्ञापन दिने निर्णयले निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि विभेद भएको जनाएको छ । उक्त निर्णय संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रता, सूचनाको हक तथा स्वतन्त्र पत्रकारिताको मर्मविपरीत रहेको महासंघको ठहर छ ।

महासंघकी अध्यक्ष निर्मला शर्मा ले सरकारले निर्णय तत्काल फिर्ता नलिए सञ्चारमाध्यम धराशायी हुने, पत्रकारहरूको पेशागत भविष्य संकटमा पर्ने तथा प्रेस स्वतन्त्रतामाथि गम्भीर असर पर्ने चेतावनी दिएकी छन् ।

महासंघले विज्ञापन वितरणमा समानुपातिक नीति लागू गर्न, लोककल्याणकारी विज्ञापनको रकम वृद्धि गर्न तथा सञ्चारसम्बन्धी कानुन निर्माण गर्दा सरोकारवालासँग व्यापक छलफल गर्नसमेत माग गरेको छ ।

## पत्रकारिता क्षेत्रमा सक्रिय मानिकचन साह प्रेस मञ्च नेपाल बारा जिल्ला संयोजकमा मनोनित

*शु.आ. सम्बाददाता*
*बारा, ११ जेठ*

निष्पक्ष पत्रकारिता, सामाजिक उत्तरदायित्व तथा जनसरोकारका विषयलाई निरन्तर प्राथमिकताका साथ उठाउँदै आएका सञ्चारकर्मी मानिकचन साह लाई प्रेस मञ्च नेपाल ले महत्वपूर्ण संगठनात्मक जिम्मेवारी प्रदान गरेको छ ।



का सञ्चालक तथा साझा निगरानी राष्ट्रिय दैनिकका प्रकाशक साहलाई प्रेस मञ्च नेपाल मधेश प्रदेश कार्य समितिले बारा जिल्ला संयोजक पदमा मनोनित गरेको हो ।

पत्रकारितामार्फत समाजका आवाजलाई बुलन्द बनाउँदै आएका साहको सक्रियता, निष्पक्षता तथा सञ्चार क्षेत्रप्रतिको समर्पणको उच्च मूल्यांकन गर्दै संगठनले उनलाई उक्त जिम्मेवारी दिएको जनाएको छ । मधेश प्रदेश कार्य समितिका अध्यक्ष अमरेन्द्र कुमार यादव द्वारा जारी गरिएको मनोनयन पत्रमा जिल्लामा संगठन विस्तार, समाचार सम्प्रेषण तथा संगठनात्मक गतिविधिको प्रभावकारी समन्वय गर्ने जिम्मेवारी तोकिएको उल्लेख गरिएको छ ।

मानिकचन साह लामो समयदेखि बारा जिल्लामा क्रियाशील पत्रकारका रूपमा परिचित छन् । उनले स्थानीय जनताका समस्या, सामाजिक विकृति, भ्रष्टाचार, विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा सीमावर्ती क्षेत्रका गतिविधिलाई निरन्तर समाचारमार्फत उजागर गर्दै आएका छन् । ग्रामीण तहका आवाजलाई राष्ट्रिय बहसको विषय बनाउन उनले खेलेको भूमिका प्रशंसनीय मानिएको छ ।

विशेषगरी स्थानीय तहमा हुने अनियमितता, सीमावर्ती क्षेत्रका नागरिकका समस्या, तस्करी नियन्त्रण, शान्ति सुरक्षा तथा सामाजिक उत्तरदायित्वका विषयमा साहले निरन्तर कलम चलाउँदै आएका छन् । सत्य, तथ्य र जनपक्षीय पत्रकारिताप्रतिको उनको प्रतिबद्धताले उनलाई आम नागरिकमाझ विश्वसनीय सञ्चारकर्मीका रूपमा स्थापित गरेको सञ्चारकर्मीहरू बताउँछन् ।

उनको मनोनयनप्रति सञ्चारकर्मी, बुद्धिजीवी, सामाजिक अभियन्ता तथा शुभेच्छुकहरूले खुसी व्यक्त गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन् । साहको नेतृत्वमा पत्रकारहरूको हकहित संरक्षण, प्रेस स्वतन्त्रताको सुदृढीकरण, व्यावसायिक पत्रकारिताको विकास तथा सत्य पत्रकारिताको पक्षमा अझ प्रभावकारी भूमिका निर्वाह हुने विश्वास व्यक्त गरिएको छ ।

पत्रकारिता क्षेत्रमा बढ्दो चुनौती, दवाब र विकृतिका बीच निष्पक्ष र जिम्मेवार पत्रकारिताको आवश्यकता झन् बढिरहेको उल्लेख गर्दै शुभेच्छुकहरूले साहजस्ता सक्रिय पत्रकारको नेतृत्वले संगठनलाई थप सशक्त बनाउने बताएका छन् ।

नयाँ जिम्मेवारीप्रति प्रतिक्रिया दिँदै मानिकचन साह ले पत्रकारिताको मूल मर्म, व्यावसायिक मर्यादा तथा सत्य सूचनाको प्रवाहलाई केन्द्रमा राखेर संगठनलाई सक्रिय र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले पत्रकारहरूको एकता, पेशागत सुरक्षा तथा निष्पक्ष पत्रकारिताको पक्षमा निरन्तर आवाज उठाउने पनि बताएका छन् ।

उनको मनोनयनले बारा जिल्लाको पत्रकारिता क्षेत्रमा नयाँ ऊर्जा थपिएको भन्दै सञ्चार क्षेत्रका जानकारहरूले आगामी दिनमा अझ सशक्त र जिम्मेवार पत्रकारिताको अपेक्षा गरेका छन् ।

## भीषण हावाहुरीले जीतपुरसिमरा-२२ तहसनहसः दर्जनौं घर ध्वस्त, सयौं स्थानीय प्रभावित

*अखिलेश कुमार यादव*
*बारा, ११ जेठ*

शनिबार साँझ आएको भीषण हावाहुरीले बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २२ अन्तर्गतका विभिन्न बस्तीमा ठूलो जनधनको क्षति पुऱ्याएको छ । बिरेदमार, मुलखोला, चकरी र नयाँबस्ती क्षेत्रमा आएको तीव्र हावाहुरीले दर्जनौं घरमा क्षति पुऱ्याएपछि सयौं स्थानीय प्रभावित बनेका छन् भने धेरै परिवार खुला आकाशमुनि रात बिताउन बाध्य भएका छन् ।



स्थानीयका अनुसार बिरेदमार क्षेत्रमा मात्रै २६ वटा घरमा क्षति पुगेको छ । केही घर पूर्ण रूपमा भत्किएका छन् भने धेरै घरका छाना उडेको अवस्था छ । अचानक आएको हावाहुरीले घरबार नै तहसनहस बनाएपछि पीडित परिवार अहिले दैनिक गुजारा चलाउनसमेत समस्यामा परेका छन् ।

स्थानीय ५५ वर्षीया एकल महिला राममाया मोक्तानले आफ्नो घर पूर्ण रूपमा ध्वस्त भएको बताउँदै दुःख व्यक्त गरिन् । "हावाहुरीले घरको छाना मात्र होइन, पुरै घर भत्कियो । घरभित्र राखिएको अन्नपात पनि पानीले भिजेर नष्ट भयो," उनले भनिन् । उनका अनुसार अहिले उनी पूर्ण रूपमा घरबारविहीन बनेकी छन् र छिमेकीको सहारामा दिन बिताइरहेकी छन् ।

त्यस्तै स्थानीय माया भुमे स्याङतानको घरको छाना उडाएपछि उनी पनि परिवारसहित खुला आकाशमुनि बस्न बाध्य भएकी छन् । वर्षा सुरु भइसकेको अवस्थामा रात बिताउनसमेत कठिन भएको पीडितहरूको गुनासो छ ।

हावाहुरीका कारण विभिन्न स्थानमा ठूला रुख ढलेपछि सडक अवरुद्ध बनेको थियो भने विद्युत सेवा पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन । विद्युत अवरोधसँगै खानेपानी, सञ्चार तथा दैनिक जनजीवन प्रभावित बनेको स्थानीयले बताएका छन् । अन्धकार र असुरक्षाका कारण बालबालिका तथा ज्येष्ठ नागरिक सबैभन्दा बढी समस्यामा परेका छन् ।

क्षतिको पूर्ण विवरण आउन बाँकी रहे पनि वडा नं. २२ मा मात्रै सयौं स्थानीय प्रभावित भएको अनुमान गरिएको छ । घटनापछि जीतपुरसिमरा उपमहानगरपालिका ले वडा अध्यक्ष शेखर काजी रुम्बा को संयोजकत्वमा विपद् व्यवस्थापन समिति गठन गरी क्षतिको विवरण संकलन सुरु गरेको छ ।

वडा अध्यक्ष रुम्बाका अनुसार पूर्ण रूपमा छाना उडाएका घरधनीलाई २५ हजार रुपैयाँ तथा सामान्य क्षति भएका घरलाई १५ हजार रुपैयाँ राहत उपलब्ध गराउने तयारी गरिएको छ ।

बाँकी तेश्रो पृष्ठमा

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# सीमामा मौलाउँदै तस्करी

बारा जिल्लाको कबहीगोठ नाकालाई लिएर पछिल्लो समय उठिरहेका तस्करीसम्बन्धी आरोपहरु अत्यन्त गम्भीर छन् । स्थानीयवासीले रातिको समयमा खुलेआम अवैध कारोबार हुने, सुरक्षा निगरानी कमजोर बनाइने तथा सुरक्षाकर्मीको संरक्षणमै तस्करी सञ्चालन भइरहेको आरोप लगाइरहेका छन् । यदि यस्ता आरोप सत्य हुन् भने यो केवल सीमापार चोरीपैठारीको विषय मात्र नभई राज्य संयन्त्रकै विश्वसनीयतामाथिको प्रश्न हो ।

तस्करीले राज्यलाई आर्थिक रुपमा ठूलो नोक्सानी पुर्‍याउँछ । कर तिरेर ब्यवसाय गर्ने ब्यापारीहरु कमजोर बन्छन् भने अवैध कारोबारीहरु बलिया हुँदै जान्छन् । यसले स्वस्थ बजार प्रणालीलाई समेत असर गर्छ । सीमावर्ती क्षेत्रमा यस्तो गतिविधि बढ्दै जानु राज्यको नियन्त्रण कमजोर हुँदै गएको संकेत पनि हो ।

झन् चिन्ताको विषय त स्थानीय नागरिकमा देखिएको डर हो । नागरिकले सुरक्षाकर्मीमाथि नै प्रश्न उठाउन थालेका छन् । लोकतन्त्रमा सुरक्षाकर्मीप्रति जनविश्वास हुनुपर्छ, भय होइन । यदि नागरिक आवाज उठाउनसमेत डराउन थाले भने त्यसले शासन प्रणालीप्रतिको भरोसा कमजोर बनाउँछ ।

यस्तो अवस्थामा सम्बन्धित निकायले आरोपलाई बेवास्ता गर्नु हुँदैन । गृह प्रशासन, नेपाल प्रहरी र सशस्त्र प्रहरीले तत्काल निष्पक्ष अनुसन्धान गरी वास्तविकता सार्वजनिक गर्नुपर्छ । दोषी जोसुकै भए पनि कानुनी कारबाही हुन आवश्यक छ । सीमा सुरक्षा केवल तस्करी रोक्ने विषय मात्र होइन, यो राज्यको विश्वसनीयता र सुशासनसँग जोडिएको प्रश्न पनि हो । समयमै प्रभावकारी कदम चालिएन भने सीमामा अवैध कारोबार झन् मौलाउने खतरा बढ्नेछ ।

# पहिला सुन्ने कि थुन्ने ?



मन्दिरा अधिकारी

अदालती परीक्षणपूर्व दोषी बनाइँदा आरोपितको सामाजिक मृत्यु भइसक्छ । पछिल्लो समय राज्यका संयन्त्रले अनुसन्धानकै क्रममा पक्राउ गर्ने क्रम बाक्लो बनाएको छ । अनुसन्धानका नाममा जथाभावी मानिस पक्राउ गरेपछि अदालतले कसैको म्याद थप नगर्ने त कसैका हकमा केही दिनका लागि मात्र म्याद दिने गरेको पाइन्छ। कोही थुनामै गएमा पनि थुनछेकका बेला रिहा हुने क्रम बढेको छ। कतिपय प्रकरणमा त थप अनुसन्धान गर्नुपर्ने भए पनि तारेखमै राखेर अनुसन्धान गर्नु वा हिरासतमा राखिरहन जरुरी नभएको समेत निर्णय भएको पाइन्छ । केही अभियोगका सम्बन्धमा प्रारम्भिक अनुसन्धान नै कमजोर भएको भेटिन्छ त केहीका हकमा प्रक्रियागत त्रुटि भएको देखेपछि अदालतले रिहा गर्ने गरेको छ। यस्तो दृश्य बाक्लिँदै जाँदा राज्यका संयन्त्रले जथाभावी शैलीमा पक्राउ गर्ने गरेको हो कि भन्ने आशंका बढाएको छ।

प्रहरी वा राज्यका निकायले पक्राउ गरे पनि अदालतबाट छुट्ने घटना सामान्यजस्तै बन्दैछ। अर्थात्, राज्यका संयन्त्रहरूले कामको चाङ देखाउन मानिसका प्रमाणसहित आरोपित कुरा सुनेपछि पक्राउ गर्नेभन्दा पक्रेपछि 'थुन्ने' क्रम बढेको टीकाटिप्पणी हुँदैछ । अर्थात्, पहिला सुन्ने अनि मात्र थुन्ने प्रवृत्ति लत्याएर पहिला थुन्ने र अनि सुन्ने प्रवृत्ति बढेको छ । यसले प्रश्न उब्जाएको छ, 'कतै राज्य लोकतन्त्रको मर्मविपरीत 'पुलिस स्टेट' तिर लम्किँदै त छैन ?' कसैका विरुद्ध अभियोगपत्र दायर भइसकेका मुद्दामा पुर्पक्षका लागि कारागार चलान हुन्छन् । तर, ती अभियुक्तहरू समेत मुद्दा फैसला हुँदा निर्दोष साबित भएका घटना प्रशस्त छन् ।

परिवर्तित नाम 'रेशम' बलात्कारको आरोपसहित पक्राउ परे। पक्राउलगत्तै निजको फोटोसहितका खबर भाइरल भए । अन्ततः करिब दुई वर्षपछि तिनले अभियोग दाबीबाट सफाइ पाए । अर्थात्, अदालतबाट निर्दोष साबित भए। अदालतले त निर्दोष ठहर गर्‍यो, तर उक्त समयसम्म उनको सामाजिक मान, प्रतिष्ठा, रोजगारी सबै गुमिसकेको थियो। तिनलाई समाजमा मुख देखाउन नसक्ने अवस्था भयो, कतै काम खोज्दै जाँदा नपाउने अवस्था बन्यो । अब तिनको हकमा हरेस खाएको जिन्दगी बनेको छ ।

हामीकहाँ कानुनी चेतनाको अभाव छ । कोही व्यक्ति अदालतबाट कसुरदार प्रमाणित नभएसम्म अभियुक्तलाई निर्दोष मानिन्छ। यो फौजदारी न्यायको सर्वमान्य सिद्धान्त पनि हो । कतिपय मुद्दामा अदालतले समेत यसबारे व्याख्या गर्दै बोलिसकेको छ, 'कसैविरुद्ध अभियोग लाग्दैमा अपराधी साबित हुँदैन ।' किनभने अनुसन्धान गर्ने निकाय, मिडिया वा समाजले लगाउने आरोपभन्दा प्रमाण महत्वपूर्ण मानिन्छ । अदालतले प्रमाणमात्र होइन कि कतिपय बेला न्यायिक मनको समेत प्रयोग गर्छ, गर्नुपर्छ । अझ शंकाको सुविधा त अभियुक्तकै पक्षलाई दिइन्छ । कसैलाई हचुवा र अनुमानका आधारमा अपराधी सरह व्यवहार गर्न पाइँदैन । फौजदारी न्याय प्रणालीले आरोप प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्छ । तर, हाम्रो समाजमा संविधान, कानुन र अदालतबाट प्रतिपादित सिद्धान्तको पालना भएको पाइँदैन ।

दुर्भाग्य नै भन्नुपर्छ, हामीकहाँ प्रहरी वा राज्यका कुनै निकायले पक्राउ या नियन्त्रणमा लिँदाकै बखत अपराधी सरह व्यवहार हुन्छ । अझ पछिल्लो समयमा मिडिया र सामाजिक सञ्जालहरूमा उजुरी पर्नासाथ वा पक्राउ हुनासाथ नाम र फोटो सार्वजनिक गरिन्छ। यसरी अदालतले मुद्दा परीक्षण गरी दोषी या निर्दोष छुट्ट्याउनुपूर्व दोषी करार गरिदिने प्रवृत्ति बढी छ। जुन कानुनी राज्यमा जायज होइन।

अर्को शब्दमा भन्नुपर्दा कानुनी न्यायभन्दा अगाडि समाज या मिडियाले सजाय दिने क्रम बढ्यो भने त्यसले मानिसलाई कस्तो मानसिक असर पार्छ भन्ने बहस पर्याप्त भएको पाइँदैन । यसमा न राज्य पक्ष चनाखो भेटिन्छ, न त त्यसरी कसैको मानमर्दन गर्नेहरू सजायको दायरामा तानिन्छन्।

अझ कसैलाई पक्राउ गर्नासाथ राज्यकै निकायहरूले तस्बिरसहित आरोप सार्वजनिक गर्छन्। राज्यका निकायले लगाएका मुद्दामा ठूलो संख्यामा अदालतबाट प्रमाणित नभएको पाइन्छ । यसले कतै राज्य नागरिकलाई जथाभावी दुःख दिन उद्यत् त छैन ? भनी शंका गर्ने प्रशस्त ठाउँ छ।

फौजदारी मुद्दामा कानुनतः उच्चस्तरको प्रमाण चाहिन्छ । तर, कसैलाई पक्राउ गरेपछि मिडिया र सामाजिक सञ्जालमा यसरी सूचना प्रवाह गरिन्छ कि अपराधीसरहको हैसियतमा पुर्‍याइन्छ । 'अपराधी पक्राउ', या 'ठूलो खुलासा' शीर्षक राख्दै डिजिटल मिडिया र युट्युबहरूले कुनै घटना सम्बन्धमा सम्प्रेषण गर्छन् । अदालतले न्यायिक परीक्षण गर्नुअगावै पक्राउ परेका व्यक्तिविरुद्ध जनमत सिर्जना गरिन्छ । त्यसरी सामाजिक सञ्जालमा दोषी करार हुनु कत्तिको न्यायोचित हुन्छ ?

त्यसरी तस्बिरसहित 'कन्टेन्ट' पस्केपछि निरपराध हुन सक्ने आरोपित व्यक्तिले पीडामाथि पीडा खेप्नुपर्छ । यसरी मिडिया र सामाजिक सञ्जालबाट समाजलाई विरूप पार्ने 'कन्टेन्ट' प्रवाह भइरहँदा मुलुकको प्रचलित संविधान र कानुनलाई हातमा लिएझैं लाग्छ।

नेपालको संविधानको धारा २० मा न्यायसम्बन्धी हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको छ । उक्त धाराको उपधारा (५) ले कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन भनी व्यवस्था गरेको छ । त्यस अतिरिक्त मुलुकी अपराधसंहिता, २०७४ को दफा १२ मा कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने प्रावधान छ।

संविधान र कानुनी प्रावधानले अदालतबाट न्यायिक परीक्षण गरी प्रमाणित नभएसम्म कसुरदार नमानिने र निर्दोषको व्यवहार गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ। तर, संवैधानिक र कानुनी व्यवस्थाविपरीत सामाजिक सञ्जाल र सञ्चार माध्यमले आरोपकै आधारमा फैसला सुनाउनु न्यायिक संयमताको उल्लंघन हो । यो आफैंमा गैरसंवैधानिक र गैरकानुनी कार्य हो।

अझ यो नेपालको संविधानको धारा २८ ले प्रत्याभूत गरेको गोपनीयताको हकमाथिको अतिक्रमण पनि हो । संविधानले अभिव्यक्ति स्वतन्त्रताको हक दिएको छ । त्यसको अर्थ यो होइन कि अरू व्यक्तिको गोपनीयता हकसम्बन्धी स्वतन्त्रता उल्लंघन गर्ने अधिकार रहन्छ। त्यसकारण राज्यका निकायबाट पक्राउ परेकै आधारमा व्यक्तिगत प्रतिष्ठामा आँच पुग्ने गरी दोषी ठहर गर्न मिल्दैन।

कुनै व्यक्तीलाई अपराधी करार गर्दा त्यस्ता मानिसले समाजमा बहिष्कारको सिकार हुनुपर्छ । त्यतिमात्र होइन, परिवारका सदस्यहरूले समेत सधैंभरि अपमान बेहोर्नुपर्ने हुन्छ। पारिवारिक र व्यावसायिक सम्बन्ध समेत बिग्रिने तथा मानसिक स्वास्थ्यमा समेत गम्भीर असर परिरहेको हुन्छ । अदालतबाट सफाइ पाउँदासमेत सामाजिक प्रतिष्ठा नफर्कने देखि रोजगारी नपाउने स्थिति बन्नु भनेको कानुनी राज्यको मर्मविपरीतका क्रियाकलाप हुन्।

कानुनतः अभियुक्तप्रति सम्मानजनक व्यवहार हुनुपर्ने, पीडित/आरोपितको मर्यादा र गोपनीयताको सम्मान गर्ने, अदालतबाट दोषी प्रमाणित नभएसम्म अपराधी भनी सामग्री प्रस्तुत गर्न पाइँदैन । अझ अनुसन्धान प्रभावित हुने गरी, कसैको अवहेलना, गाली-बेइज्जती हुने गरी सामग्रीहरू प्रकाशन र प्रसारण गर्नु पनि कानुनको बर्खिलाप भित्र पर्छ। लोकतन्त्रमा जनताले जान्न पाउने अधिकारको नाममा कसैको प्रतिष्ठा समाप्त गर्ने अधिकार मिडिया या सामाजिक सञ्जाललाई हुनै सक्दैन । सचेतता र सजगताका साथ सामग्री प्रकाशन-प्रसारण नगरिँदा एक आरोपमात्रले व्यक्तिगत र पारिवारिक रूपमै ठूलो नोक्सानी व्यहोर्नुपर्छ। यसरी बिना तथ्य, प्रमाण आफैंले दोषी करार गर्दै फैसला गर्नु र मिडियामा दिनु पत्रकार आचारसंहिताको समेत गम्भीर उल्लंघन हो । नेपालमा मिडियाको नियामक निकाय प्रेस काउन्सिलले यो विषयमा पर्याप्त ध्यान पुर्‍याएको देखिँदैन।

कुनै व्यक्तिलाई अपराधी करार गर्दा त्यस्ता मानिसले समाजमा बहिष्कारको सिकार हुनुपर्छ । तिनलाई जीवन गुजार्न कठिन हुन्छ, तिनका कामकाज या व्यवसायमा ठूलो असर पार्छ । त्यतिमात्र होइन, परिवारका सदस्यहरूले समेत सधैंभरि अपमान बेहोर्नुपर्ने हुन्छ । पारिवारिक र व्यावसायिक सम्बन्ध समेत बिग्रिने तथा मानसिक स्वास्थ्यमा समेत गम्भीर असर परिरहेको हुन्छ । अदालतबाट सफाइ पाउँदासमेत सामाजिक प्रतिष्ठा नफर्कने देखि रोजगारी नपाउने स्थिति बन्नु भनेको कानुनी राज्यको मर्मविपरीतका क्रियाकलाप हुन्।

अझ रोचक त के छ भने कोही कसैमाथि आरोप लागेका विषय नै जतिसक्दो धेरै लेखिन्छन् र सेयर गरिन्छन्। अदालतबाट सफाइ पाएका समाचार चाहिँ प्रायः त्यसरी प्रवाह हुँदैनन्, अर्थात् प्राथमिकतामा पर्दैनन् । सबै व्यक्तिको इज्जत, मान-प्रतिष्ठाको सम्मान गर्दै, मानवअधिकारको संरक्षण गर्दै लेखाइलाई सन्तुलित बनाउनु जरुरी छ। अदालतबाट कानुनतः दोषी करार नहुँदासम्म मानिस निर्दोष मानिन्छन् भन्ने तथ्य त्यस्ता 'कन्टेन्ट क्रिएटर'हरूलाई पनि बुझाउनु जरुरी छ। अर्कातिर राज्यका निकायले पनि कुनै अनुसन्धान अघि बढाउँदा गोप्य ढंगले काम गर्नुपर्छ । सरकारी निकायका पात्रहरू आफैं पनि चर्चित हुन त्यस्ता सूचना मिडियालाई उपलब्ध गराउँछन् ।

मिडियामा नाम र फोटोसहित आरोपित कसुरलाई अपराध प्रमाणित भएझैं दिइने प्रस्तुतिले मानवअधिकारमाथि अदृश्य आक्रमण गरिरहेको छ । आरोपितको प्रतिष्ठाको संरक्षण र सार्वजनिक चासोबीचको द्वन्द्वमा सार्वजनिक चासोलाई मात्र प्राथमिकता दिने दौड हाबी हुँदा अदालतबाट फैसला आउनुअघि नै व्यक्तिहरूको जीवन मरेतुल्य बनाउँछ।

अदालतबाट सफाइ पाएका तर समाजले कहिल्यै सफाइ नदिएका दुःखद् घटनाहरू समाजमा हजारौं छन् । त्यसरी मिडिया ट्रायलले गर्दा आरोप मात्रले पनि व्यक्तिको सामाजिक मृत्यु हुन्छ । तिनका अधिकार कुण्ठित भइरहँदा नागरिकलाई राज्य भएको प्रत्याभूति हुँदैन। लोकतन्त्र र कानुनी राज्यमा यस्ता क्रियाकलाप नियन्त्रण हुनुपर्छ । राज्यले नागरिकलाई सम्मानपूर्वक जीवन जिउने वातावरण बनाउनुपर्छ। किनभने संविधानप्रदत्त गोपनीयताको हक र सम्मानपूर्वक जीवन बाँच्न पाउने हरेक नागरिकको अधिकार हो ।

-लेखक अधिवक्ता हुन् ।




अन्तराष्ट्रिय समाचार

# चीनको नयाँ अन्तरिक्ष यात्रा

***एजेन्सी-*** चीनले आफ्नो अन्तरिक्ष महत्त्वाकांक्षालाई नयाँ चरणमा पुऱ्याउने प्रयासस्वरूप आइतबार राति शेनझोउ-२३ अन्तरिक्ष यान प्रक्षेपण गरेको छ ।

तीन अन्तरिक्ष यात्री बोकेको यो मिसनमा एक जना सदस्यलाई अन्तरिक्ष स्टेशनमा पूरा एक वर्ष बसाउने योजना समावेश गरिएको छ । यसलाई लामो अवधिको मानव अन्तरिक्ष बसाइसम्बन्धी महत्त्वपूर्ण परीक्षणका रूपमा हेरिएको छ ।

शेनझोउ-२३ अन्तरिक्ष यान उत्तरपश्चिम चीनस्थित जियुकुआन स्याटेलाइट प्रक्षेपण केन्द्रबाट अन्तरिक्षतर्फ पठाइएको हो । चीनले सन् २०३० भित्र पहिलोपटक मानवलाई चन्द्रमामा अवतरण गराउने लक्ष्यतर्फ तयारी तीव्र बनाइरहेका बेला यो प्रक्षेपणलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

यस मिसनमा कमान्डर झु याङ्झु, झाङ झियुआन र लाइ का-यिङ सहभागी छन्। चिनियाँ अधिकारीहरूले लाइलाई उनको नामलाई म्यान्डारिन भाषामा उच्चारणअनुसार रूपान्तरण गरेर 'ली जियायिङ' नामले पनि चिनाउने गरेका छन् ।

हङकङमा जन्मिएका तथा त्यहीँ हुर्किएका लाइले कम्प्युटर फरेन्सिक विषयमा विद्यावारिधि हासिल गरेका छन् । उनलाई अन्तरिक्ष मिसनमा सहभागी हुने सहर पृष्ठभूमिबाट



आएका पहिलो चिनियाँ अन्तरिक्ष यात्रीका रूपमा पनि प्रस्तुत गरिएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार शेनझोउ-२३ को टोलीले अन्तरिक्षमा दर्जनौँ वैज्ञानिक तथा प्रयोगात्मक परियोजनाहरू सञ्चालन गर्ने तयारी गरेको छ । यो टोलीले हाल २०० दिनभन्दा बढी समयदेखि टियाङ्गोङ अन्तरिक्ष स्टेशनमा कार्यरत शेनझोउ-२१ का चालक दलसँग कक्षामा भेट गर्ने तथा कार्य हस्तान्तरण प्रक्रिया पूरा गर्ने अपेक्षा गरिएको छ ।

यस मिसनको सबैभन्दा उल्लेखनीय पक्ष भनेको तीन सदस्यीय टोलीमध्ये एक अन्तरिक्ष यात्रीलाई अन्तरिक्ष स्टेशनमा लगातार एक वर्ष राख्ने योजना हो । यो बसाइ सफल भएमा त्यसलाई अन्तरिक्षमा मानवको सबैभन्दा लामो एकल प्रवासमध्ये एक मानिनेछ ।

सरकारी सञ्चारमाध्यमका अनुसार यस प्रयोगको उद्देश्य लामो अवधिको अन्तरिक्ष वातावरणमा मानव शरीरको अनुकूलन क्षमता, सहनशीलता तथा कार्यसम्पादन सीमाबारे विस्तृत अध्ययन गर्नु हो ।

पछिल्ला वर्षहरूमा चीनले आफ्नो अन्तरिक्ष कार्यक्रमलाई तीव्र रूपमा विस्तार गर्दै आएको छ । टियाङ्गोङ अन्तरिक्ष स्टेशनलाई केन्द्रमा राखेर चिनियाँ अन्तरिक्ष यात्रीहरूले लगातार नयाँ मिसनहरू सञ्चालन गरिरहेका छन् ।

यो अन्तरिक्ष स्टेशन चीनले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा अमेरिकी प्रतिबन्धका कारण प्रभावकारी रूपमा बाहिरिएपछि आफ्नै पहलमा विकास गरेको संरचना हो । विश्व अन्तरिक्ष प्रतिस्पर्धामा अमेरिकालाई चीनको प्रमुख प्रतिद्वन्द्वीका रूपमा हेरिन्छ । अमेरिकी अन्तरिक्ष निकाय नासाले पनि सन् २०२८ सम्ममा पुनः चन्द्रमाको सतहमा अन्तरिक्ष यात्री अवतरण गराउने लक्ष्य अघि सारेको छ । यसले अन्तरिक्ष क्षेत्रमा दुई शक्तिबीचको प्रतिस्पर्धालाई अझ तीव्र बनाएको छ ।

चीनको अन्तरिक्ष स्टेशन टियाङ्गोङले पहिलोपटक सन् २०२१ मा चिनियाँ चालक दललाई स्वागत गरेको थियो । त्यसयता यो चीनको मानव अन्तरिक्ष अभियानको मुख्य आधार बनेको छ । टियाङ्गोङको अर्थ 'स्वर्गीय महल' भन्ने हुन्छ ।

गत वर्ष शेनझोउ कार्यक्रममा आपतकालीन उद्धार मिसनसमेत सञ्चालन गरिएको थियो । 'दिव्य पोत' भन्ने अर्थ दिने यस कार्यक्रमअन्तर्गत क्षतिग्रस्त अन्तरिक्ष यानका कारण अन्तरिक्ष स्टेशनमा अड्किएका अन्तरिक्ष यात्रीहरूको टोलीलाई सुरक्षित रूपमा पृथ्वीमा फर्काइएको थियो ।

शेनझोउ-२३ को प्रक्षेपणसँगै चीनले अब दीर्घकालीन अन्तरिक्ष बसाइ, वैज्ञानिक अनुसन्धान र चन्द्र अभियानतर्फ आफ्नो रणनीतिक तयारीलाई अझ अगाडि बढाएको संकेत दिएको छ ।

## बिचौलिया........

प्रक्रिया पूरा गर्दा काम सहज हुने अनुभव सुनाएका छन् ।

प्रमुख आचार्यको पछिल्लो अभिव्यक्तिले सरकारी कार्यालयमा हुने राजनीतिक हस्तक्षेप, बिचौलियाको प्रभाव तथा सार्वजनिक सेवा प्रवाहको पारदर्शिताबारे पुनः बहस सुरु भएको छ । सरोकारवालाहरूले यातायात कार्यालयजस्ता संवेदनशील निकायमा सुशासन, पारदर्शिता र नागरिकमैत्री सेवा सुनिश्चित गर्न दीर्घकालीन सुधार आवश्यक रहेको बताएका छन् ।

## हावाहुरीले........

"वास्तविक पीडितको पहिचान गरेर राहत वितरण प्रक्रिया अघि बढाइएको छ," उनले बताए ।

घटनास्थलको निरीक्षणका लागि बारा क्षेत्र नं. ४ का सांसद रहबर अन्सारी समेत प्रभावित क्षेत्रमा पुगेका थिए । उनले पीडित परिवारलाई उचित राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाएका छन् ।

त्यसैगरी नगरप्रमुख राजन पौडेल सहित जनप्रतिनिधिको टोलीले पनि प्रभावित बस्तीको स्थलगत अवलोकन गरेको छ ।

तर विभिन्न जनप्रतिनिधि तथा सरकारी टोली निरीक्षणमा पुगे पनि वास्तविक राहत अझै नपुगेको भन्दै स्थानीयले गुनासो गरेका छन्। वर्षायाम सुरु भइसकेको अवस्थामा घरविहीन बनेका परिवारका लागि तत्काल अस्थायी आवास, खाद्यान्न, लत्ताकपडा तथा पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने माग स्थानीयको छ ।

स्थानीय बासिन्दाले विपद्को यस कठिन घडीमा सरकारसँग शीघ्र राहत वितरण, सुरक्षित आवासको व्यवस्था तथा दीर्घकालीन पुनःनिर्माण योजना कार्यान्वयन गर्न आग्रह गरेका छन् ।

## बरवा..............

सम्पन्न भएपछि स्थानीय नागरिकले व्यवस्थित स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास लिइएको छ ।

स्थानीयवासीका अनुसार हाल स्वास्थ्य चौकीमा आवश्यक भौतिक संरचना नहुँदा सेवा सञ्चालनमा कठिनाइ हुँदै आएको थियो । नयाँ भवन बनेपछि बिरामीको उपचार, स्वास्थ्य परीक्षण, खोप सेवा तथा अन्य आधारभूत स्वास्थ्य सेवा थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

शिलान्यास कार्यक्रममा जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूले ग्रामीण क्षेत्रमा स्वास्थ्य पूर्वाधार विस्तार हुनु सकारात्मक कदम भएको प्रतिक्रिया दिएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै वडाध्यक्ष अशोक कुमार तिवारी ले स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भएकाले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिएको बताए । उनले निर्माण कार्य गुणस्तरीय र समयमै सम्पन्न गर्न सम्बन्धित निकायलाई आग्रहसमेत गरेका छन् ।

कार्यक्रमको अन्त्यमा आयोजक पक्षले सहयोग र सहभागिताका लागि सम्पूर्ण स्थानीयवासी तथा सरोकारवालाप्रति धन्यवाद ज्ञापन गरेको थियो ।

# सूर्य नेपालको सहयोगमा वडा नं. ९ हेल्थ पोस्टमा पुनः अल्ट्रासाउन्ड सेवा सञ्चालन हुने

***बारा, ११ जेठ***

सामाजिक उत्तरदायित्व अन्तर्गत सूर्य नेपाल प्रा. लि. सिमराले जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ९ मार्फत वडा स्थित हेल्थ पोस्टलाई करिब ९ लाख ५० हजार रुपैयाँ बराबरको पोर्टेबल अल्ट्रासाउन्ड मेसिन हस्तान्तरण गरेको छ ।

यस सहयोगसँगै केही समयदेखि अवरुद्ध रहेको निशुल्क अल्ट्रासाउन्ड सेवा पुनः सञ्चालन हुने भएको छ। हेल्थ पोस्टमा विशेषगरी गर्भवती महिलाहरूलाई लक्षित गरी निशुल्क अल्ट्रासाउन्ड सेवा सञ्चालन हुँदै आएको भए पनि मेसिन अभावका कारण सेवा रोकिएको थियो । मेसिन हस्तान्तरण कार्यक्रममा सूर्य नेपालको तर्फबाट यज्ञबहादुर आलेले वडा नं. ९ का वडाध्यक्ष मोतिलाल यादवलाई उक्त उपकरण हस्तान्तरण गरेका थिए । कार्यक्रममा बोल्दै वडाध्यक्ष मोतिलाल यादवले सूर्य नेपालको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै यस्तो सहयोगले स्थानीय नागरिक, विशेषगरी गर्भवती महिलाहरूलाई ठूलो राहत पुग्ने बताए । उनले भने, "हेल्थ



पोस्टमा अल्ट्रासाउन्ड सेवा बन्द हुँदा धेरै सेवाग्राही बाहिर जान बाध्य भएका थिए । अब पुनः आफ्नै वडामा सहज रूपमा सेवा पाउने अवस्था बनेको छ । निजी क्षेत्रबाट गरिएको यस्तो सहयोग वास्तवमै प्रशंसनीय छ ।"

वडाध्यक्ष यादवले स्वास्थ्य क्षेत्रको सुधारका लागि वडा कार्यालय निरन्तर सक्रिय रहेको उल्लेख गर्दै आगामी दिनमा पनि विभिन्न निकायसँग सहकार्य गर्दै नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । स्थानीयवासीहरूले पनि सूर्य नेपालको सहयोगलाई स्वागत गर्दै यसले स्वास्थ्य सेवामा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन्

# रौतहटमा प्रहरीको विशेष अभियानः विभिन्न मुद्दाका १० जना फरार प्रतिवादी पक्राउ

***शु. आ. सम्बाददाता***
***रौतहट, ११ जेठ***

जिल्ला प्रहरी कार्यालय रौतहटले फरार प्रतिवादीहरूलाई पक्राउ गर्ने अभियानलाई तीव्रता दिएको छ। सोही क्रममा आइतबार जिल्ला प्रहरी कार्यालय गौर तथा मातहतका विभिन्न प्रहरी एकाइहरूबाट खटिएको विशेष टोलीले विभिन्न आपराधिक मुद्दामा दोषी ठहर भई फरार रहेका १० जनालाई पक्राउ गरेको छ ।

अदालतबाट फैसला कार्यान्वयनको क्रममा लामो समयदेखि फरार रहेका प्रतिवादीहरूलाई पक्राउ गरी आवश्यक कानुनी प्रक्रिया पूरा गर्न सम्मानित रौतहट जिल्ला अदालत गौरमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी निरीक्षक रोहित कुमार शर्मा बढईले जनाए। पक्राउ परेका प्रतिवादीहरूको विवरणःप्रहरीको विशेष अपरेसनमार्फत पक्राउ पर्नेहरूमा चन्द्रपुर, बौधीमाई, ईशनाथ, राजदेवी, यमुनामाई, माधव नारायण र गरुडा नगरपालिकाका विभिन्न वडाका बासिन्दा रहेका छन्। पक्राउ परेका व्यक्तिहरूमाथि चेक अनादर, सवारी ज्यान र चोरी सम्बन्धी




मुद्दाहरू रहेका छन् । पक्राउ परेका प्रतिवादीहरूबाट कुल १३ हजार रुपैयाँ जरिवाना असुल हुनुका साथै कैद सजायको समेत फैसला कार्यान्वयन गरिएको छ । पक्राउ पर्नेमा बद्री बहादुर चौधरी, धर्मेन्द्र चौधरी, रामबहादुर चौधरी, सुरेश प्रसाद कुशवाहा, बालसुधिर राय यादव, सरुप महतो, आलोक कुमार सिंह, शेख एकरामुल हक, रुपेश कुमार यादव र शेख राजु रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटले विगत केही समयदेखि विभिन्न कसुरमा अदालतबाट सजाय तोकिएका तर फरार रहेका अपराधीहरूलाई पक्राउ गर्न विशेष निगरानी र धरपकड अभियान सञ्चालन गरिरहेको छ । कानुनको नजरमा कोही पनि व्यक्ति फरार रहन नसक्ने बताउँदै प्रहरीले यस्ता अभियानले समाजमा कानुनी शासनको प्रत्याभूति दिलाउन मद्दत पुग्ने जनाएको छ ।

अदालतको फैसला कार्यान्वयन गरी अपराधीहरूलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रतिबद्ध रहेको भन्दै जिल्ला प्रहरी कार्यालयले यस अभियानलाई आगामी दिनमा थप सशक्त बनाउने योजना रहेको जनाए

आदर्श कोतवाल गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

आदर्श कोतवाल गाउँपालिकाको कार्यालय, महेन्द्र आदर्श, बारा

बारागढी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

बारागढी गाउँपालिकाको कार्यालय, खोपवा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# सीमावर्ती युवालाई आत्मनिर्भर बनाउन सशस्त्र प्रहरीद्वारा केश कर्तक तालिम सञ्चालन

*अखिलेश कुमार यादव*
*बारा, ११ जेठ*

सीमावर्ती क्षेत्रका युवालाई सीपमूलक तालिममार्फत आत्मनिर्भर बनाउने उद्देश्यले सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हे.क्वा., बाराले १५ दिने केश कर्तक (कपाल काट्ने) तालिम सञ्चालन गरेको छ।

"सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम" अन्तर्गत कलैया उपमहानगरपालिका वडा नं. १० को समन्वयमा आयोजना गरिएको उक्त तालिमको समुद्घाटन आइतबार एफ.ओ.बी. निलकण्ठवा, मटिअर्वामा सम्पन्न भएको हो।

तालिमको उद्घाटन सशस्त्र प्रहरी बल नं. १२ गण हे.क्वा., बाराका गणपति विशाल सिल्वाल ले गर्नुभएको सशस्त्र प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी विक्रममणि अधिकारी ले जानकारी दिनुभयो।

उहाँका अनुसार सीमावर्ती क्षेत्रमा बसोबास गर्ने युवालाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन सहयोग पुग्ने



उद्देश्यले तालिम सञ्चालन गरिएको हो। "सीपमूलक तालिमले युवालाई वैदेशिक रोजगारीको विकल्प खोज्न र आफ्नै क्षेत्रमा स्वरोजगार बन्न प्रेरणा दिने अपेक्षा गरेका छौं," उहाँले बताउनुभयो। १५ दिने उक्त तालिममा सहभागी युवालाई आधुनिक शैलीमा कपाल काट्ने, दाह्री मिलाउने, ग्राहक व्यवस्थापनलगायत व्यावहारिक ज्ञान प्रदान गरिने जनाइएको छ। तालिमबाट सहभागीहरूले व्यावहारिक सीप हासिल गरी भविष्यमा आयआर्जनसँग जोडिन सक्ने विश्वास गरिएको छ। कार्यक्रममा कलैया उपमहानगरपालिका-१० का जनप्रतिनिधि, सीमा सुरक्षा गुल्म हे.क्वा. मटिअर्वाका गुल्मपति सन्तोष अधिकारी, मातहतका बीओपी तथा एफओबी कमाण्डर, २० जना प्रशिक्षार्थी तथा स्थानीय बासिन्दासहित करिब ३० देखि ३५ जनाको सहभागिता रहेको थियो।

स्थानीयवासीले यस्ता सीपमूलक तालिमले सीमावर्ती क्षेत्रका बेरोजगार युवालाई सकारात्मक दिशा दिने विश्वास व्यक्त गरेका छन्। उनीहरूले यस्ता कार्यक्रमलाई निरन्तरता दिन तथा अन्य व्यावसायिक तालिमसमेत सञ्चालन गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

# बारागढी गाउँपालिकाकी दलित महिला सदस्य रेखा देवी माझीको निधन, गाउँपालिकाद्वारा शोक बिदा घोषणा

*शु.आ. सम्बाददाता*
*बारा, ११ जेठ*

बारागढी गाउँपालिका वडा नं. २ की दलित महिला सदस्य रेखा देवी माझीको सोमबार बिहान निधन भएको छ। उनी ४७ वर्षकी थिइन्।

परिवारका अनुसार माझी लामो समयदेखि मधुमेहलगायत विभिन्न रोगबाट पीडित थिइन्। आइतबार राति घरमै सुतिरहेको अवस्थामा अचानक स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै उनको निधन भएको हो।




रेखा देवी माझी २०७९ सालको स्थानीय तह निर्वाचनमा जनता समाजवादी पार्टी नेपाल (जसपा) बाट बारागढी गाउँपालिका वडा नं. २ को दलित महिला सदस्यमा निर्वाचित भएकी थिइन्। उनी सामाजिक रूपमा पिछडिएका तथा दलित समुदायका हकअधिकारका विषयमा सक्रिय जनप्रतिनिधिका रूपमा परिचित थिइन्। स्थानीयवासीका अनुसार माझी सरल स्वभाव, जनतासँग घुलमिल हुने र सामाजिक सेवामा सक्रिय जनप्रतिनिधि थिइन्। वडा तहमा महिला तथा दलित समुदायका समस्या उठाउँदै उनी निरन्तर सक्रिय रहँदै आएकी थिइन्।

उनको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै बारागढी गाउँपालिकाले मंगलबार शोक बिदा दिएको छ। गाउँपालिकाका अध्यक्ष अशोककुमार जयसवालले शोक वक्तव्य जारी गर्दै माझीको निधनले गाउँपालिकालाई अपूरणीय क्षति पुगेको उल्लेख गरेका छन्। शोक वक्तव्यमा स्वर्गीय माझीप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको छ। गाउँपालिकाले जेठ १२ गते अति आवश्यक सेवाबाहेक सम्पूर्ण सेवा बन्द रहने जनाएको छ।

उनको निधनको खबरपछि स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका नेता, सामाजिक अगुवा तथा सर्वसाधारणले दुःख व्यक्त गरेका छन्। माझीको निधनले गाउँपालिका तथा स्थानीय समुदायमा शोकको वातावरण छाएको छ।

# दुर्गा प्रसाईंविरुद्ध पर्सा अदालतमा साइबर अपराध र राज्यविरुद्धको मुद्दा दर्ता

*पर्सा, ११ जेठ*

मेडिकल व्यवसायी दुर्गा प्रसाई विरुद्ध पर्सा जिल्ला अदालत मा साइबर अपराध तथा राज्यविरुद्धको कसुर सम्बन्धी मुद्दा दर्ता गरिएको छ।

पर्सा जिल्ला प्रहरी कार्यालय का अनुसार प्रसाईंमाथि सार्वजनिक अभिव्यक्ति तथा गतिविधिसम्बन्धी विभिन्न आरोप लगाउँदै मुद्दा दायर गरिएको हो। बयान प्रक्रिया पूरा नभएकाले अदालतले उनलाई मंगलबार पुनः उपस्थित गराउने गरी हालका लागि हिरासतमा राख्न आदेश दिएको जनाएको छ।

प्रहरीका अनुसार दुर्गा प्रसाईं लाई जेठ ४ गते दियालो होटल बाट पक्राउ गरिएको थियो। पक्राउपछि प्रहरीले उनीमाथि विभिन्न विषयमा अनुसन्धान अघि बढाएको जनाएको छ।

अनुसन्धानका क्रममा प्रसाईंले सार्वजनिक नैतिकता र शिष्टाचारविरुद्ध अभिव्यक्ति दिएको, विभिन्न जातजाति तथा सम्प्रदायबीच द्वेष फैलाउने तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने



गतिविधि गरेको आरोप लगाइएको प्रहरीले जनाएको छ।

प्रहरी स्रोतका अनुसार विद्युतीय माध्यम तथा सामाजिक सञ्जालमार्फत प्रसारित अभिव्यक्तिलाई आधार बनाएर साइबर अपराधसम्बन्धी कसुर अन्तर्गत अनुसन्धान भइरहेको छ। साथै राज्यविरुद्धको कसुर सम्बन्धी प्रावधानअन्तर्गत पनि कानुनी प्रक्रिया अघि बढाइएको जनाइएको छ।

यस घटनापछि वीरगञ्जसहित विभिन्न क्षेत्रमा प्रसाईं समर्थक र विरोधीबीच प्रतिक्रिया देखिएको छ। सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै प्रहरीले जिल्लाका विभिन्न स्थानमा निगरानी बढाएको जनाएको छ।

पर्सा जिल्ला प्रहरी कार्यालय ले घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको र प्रमाणका आधारमा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने जनाएको छ।

# पर्साको पोखरियाबाट ब्राउन सुगरसहित युवक पक्राउ

*हरि किशोर शर्मा*
*पर्सा, ११ जेठ*

पोखरिया नगरपालिका वडा नं. ९ बाट प्रहरीले ब्राउन सुगरसहित एक युवकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय पोखरियाबाट प्रहरी निरीक्षक प्रदीप पौडेल को कमाण्डमा खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा शनिबार राति छापा मारेर उक्त कारबाही गरेको जनाएको छ।

प्रहरीका अनुसार मिति २०८३ जेठ १० गते राति करिब ११:३० बजे पोखरिया नगरपालिका वडा नं. ९ स्थित एक टहरामा लागुऔषध कारोबार भइरहेको भन्ने गोप्य सूचना प्राप्त भएपछि तत्काल प्रहरी परिचालन गरिएको थियो।

प्रहरी टोलीले शंकास्पद स्थानमा खानतलासी गर्दा ५.५ ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला पारी बरामद गरेको जनाएको छ। बरामद गरिएको पदार्थ परीक्षणका लागि




सम्बन्धित निकायमा पठाइने प्रहरीले जानकारी दिएको छ।

कारबाहीका क्रममा स्थानीय बिजुली राउत कम्करका अन्दाजी २० वर्षीय छोरा विशाल राउत कम्करलाई नियन्त्रणमा लिइएको हो। पक्राउ परेका युवकलाई इलाका प्रहरी कार्यालय पोखरिया ल्याएर थप अनुसन्धान कार्य अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पछिल्लो समय क्षेत्रमा लागुऔषध कारोबार तथा सेवन नियन्त्रण गर्न विशेष निगरानी र अभियान सञ्चालन भइरहेको छ। युवापुस्तालाई लागुऔषध दुर्व्यसनबाट जोगाउन तथा समाजमा शान्ति सुरक्षा कायम राख्न प्रहरी सक्रिय रूपमा लागिरहेको जनाएको छ।

स्थानीयवासीले पनि सीमावर्ती क्षेत्रमा बढ्दो लागुऔषध कारोबार नियन्त्रणका लागि कडा निगरानी र नियमित अभियान आवश्यक रहेको बताएका छन्।

# सीमावर्ती जनताको समस्याप्रति सांसद शाक्य सक्रिय

*हरि किशोर शर्मा*
*पर्सा, ११ जेठ*

पर्सा निर्वाचन क्षेत्र नम्बर-४ अन्तर्गत भारतसँग जोडिएका सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दाले दैनिक उपभोग्य सामग्री ओसारपसारमा विभिन्न अवरोध र असहजता भोग्नुपरेको गुनासो बढेपछि प्रतिनिधिसभा सदस्य टेकबहादुर शाक्य सक्रिय भएका छन्। सीमावर्ती जनताको समस्यालाई मध्यनजर गर्दै सांसद शाक्यको पहलमा पर्साको बाघमुर्चा पोस्टमा समन्वय बैठक सम्पन्न गरिएको हो। बैठकमा जिल्ला सशस्त्र प्रहरी बल पर्साका प्रमुख एसपी मोहन क्षेत्रीको रोहवरमा क्षेत्र नम्बर-४ अन्तर्गत रहेका विभिन्न बीओपी प्रमुखहरूको सहभागिता रहेको थियो। बैठकमा सांसद शाक्यले सीमावर्ती क्षेत्रमा बसोवास गर्ने नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका खाद्यान्न, लत्ताकपडा तथा अन्य अत्यावश्यक उपभोग्य सामग्रीको आवतजावतमा कठिनाइ हुँदा जनजीवन प्रभावित भइरहेको उल्लेख गर्दै आवश्यक सहजीकरण गर्न सुरक्षा निकायलाई आग्रह गरेका थिए। उनले सीमाक्षेत्रका नागरिकका समस्या राज्यका निकायले संवेदनशील रूपमा बुझ्नुपर्ने आवश्यकता औंल्याए।

सांसद शाक्यले सीमामा बसोवास गर्ने नागरिकहरू भारतीय बजारसँग प्रत्यक्ष रूपमा निर्भर रहेको भन्दै अत्यधिक



कडाइका कारण स्थानीयको दैनिकी प्रभावित भएको बताए। "जनताको सहज जीवनयापनलाई प्राथमिकतामा राख्दै कानुनी व्यवस्थाभित्र रहेर सहजीकरण आवश्यक छ," उनले भने। कार्यक्रममा सशस्त्र प्रहरी बल पर्साका प्रमुख एसपी मोहन क्षेत्रीले सीमावर्ती जनताको समस्याप्रति आफू गम्भीर रहेको बताउँदै जनताको सहज जीवनयापनका लागि सशस्त्र प्रहरी सधैं सकारात्मक रहेको धारणा व्यक्त गरे। उनले कानुनी व्यवस्था र जनताको आवश्यकतालाई सन्तुलनमा राखेर काम गरिने प्रतिबद्धता समेत जनाए। सीमावर्ती क्षेत्रबाट लगातार गुनासो आउन थालेपछि सांसद शाक्यले सुरक्षा निकायसँग प्रत्यक्ष समन्वय गरी बैठक आयोजना गरेका हुन्। स्थानीयवासीले पनि यस पहलबाट सीमाक्षेत्रमा देखिएको समस्या समाधानतर्फ सकारात्मक वातावरण बन्ने अपेक्षा गरेका छन्।

पर्सा क्षेत्र नम्बर-४ का सीमावर्ती बासिन्दा दैनिक रूपमा भारतीय बजारसँग जोडिएर उपभोग्य सामग्री खरिद गर्ने भएकाले पछिल्ला दिनमा देखिएको कडाइले उनीहरूको दैनिकीमा प्रत्यक्ष असर परेको स्थानीयहरूको भनाइ छ। यस्तो अवस्थामा सांसद शाक्यको पहललाई सीमावर्ती जनताले सकारात्मक रूपमा लिएका छन्।

# बरवा परतामा स्वास्थ्य पूर्वाधार विस्तार : दुईतले स्वास्थ्य चौकी भवन निर्माण सुरु

*शु.आ. सम्बाददाता*
*बारा, ११ जेठ*

ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विस्तार गर्ने उद्देश्यसहित कलैया उपमहानगरपालिका वडा नं. २७ को बरवा परता टोलस्थित स्वास्थ्य चौकीको दुईतले भवन पुनःनिर्माण कार्य औपचारिक रूपमा सुरु गरिएको छ।

स्थानीय स्वास्थ्य सेवाको अवस्था सुधार गर्ने लक्ष्यसहित सुरु गरिएको उक्त भवन निर्माण योजनाको शिलान्यास वडा नं. २७ का वडाध्यक्ष अशोक कुमार तिवारी तथा स्वास्थ्य चौकी इन्चार्ज भागरित साह ले संयुक्त रूपमा गरेका हुन्।

लामो समयदेखि अधुरो अवस्थामा रहेको स्वास्थ्य चौकी भवन पुनःनिर्माण हुन थालेपछि स्थानीयवासीमा आशा र उत्साह थपिएको छ। स्वास्थ्य संस्था पर्याप्त पूर्वाधार अभावका कारण प्रभावकारी रूपमा सञ्चालन हुन नसकिरहेको अवस्थामा नयाँ भवन निर्माणले सेवा प्रवाह सहज बन्ने अपेक्षा गरिएको छ।



आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालय मार्फत विनियोजित बजेटबाट पूर्वाधार विकास कार्यालय कलैया ले निर्माण कार्य अघि बढाएको हो। करिब २० लाख रुपैयाँ लागत अनुमान गरिएको उक्त भवन निर्माण

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका